# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ती

२०७५ पौष ३

### आयोगद्वारा त्रिभुवन अन्तराष्ट्रीय विमानस्थलको अनुगमन

अन्तर्राष्ट्रिय आप्रवासन दिवस १८ डिसेम्बर, २०१८ को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री सुदिप पाठकज्यूको नेतृत्वमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको श्रम कक्ष, अध्यागमन कक्षहरु एवं अध्यागमन विभागको अनुगमन गरेको छ । अनुगमनको क्रममा वैदेसिक रोजगारमा जाने आप्रवासी श्रमिकहरुसँग, नागरीक उड्डयन प्राधीकरणका महाप्रवन्धक र अध्यागमन विभागका महा-निर्देशकसँग भेटघाट तथा छलफल गरेको थियो ।

अनुगमनका क्रममा फ्री टिकट फ्री भिसाको पुर्ण कार्यान्वयन भएको नपाईएको, आप्रवासी श्रमिकहरुमा दक्षताको कमी रहेको, वैदेसिक रोजगारमा जाने मुलुकको स्थानीय भाषा, कानून समेतको पर्याप्त ज्ञानको कमी रहेको पाईएको छ । नागरीक उड्यन प्राधीकरणका महा प्रवन्धकसँग भेटघाट तथा छलफल गरि विमान कम्पनीका कर्मचारीहरुलाई मानव अधिकार मैत्री व्यवहार हुनुपर्ने समेत सुझाव दिईएको थियो ।

आप्रवासी नेपाली श्रमिकहरुको समस्या समाधान तर्फ नेपाल सरकारले प्राप्त गर्ने विप्रेषणको अनुपातलाई आधार मानी आप्रवासी श्रमिकहरुको हक अधिकार संरक्षणमा प्रभावकारी योजना तथा कार्यक्रमहरु ल्याउनु पर्ने, नेपालमै रोजगारीको अवस्था सिर्जना गर्नु पर्ने विषयहरुमा नेपाल सरकारलाई आयोग अनुरोध गर्दछ । साथै सवै सरोकारवालाहरुको संयुक्त प्रयासबाट मात्र आप्रवासी श्रमीकहरुको अधिकार संरक्षण सम्भव हुने कुरामा आयोग विश्वश्त रहेकोले सहकार्य र समन्वय तर्फ सवैलाई अनुरोध गर्दछ ।

मुरारिप्रसाद खरेल
निर्देशक


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org